लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ७, अंक ३ २०८२ साउन २३ गते शुक्रबार (*Friday 8 August 2025*) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२, मुल्य रु १०/-

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**होटल जोमसोम प्राइड**

जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६

## पर्यटनको केन्द्र बन्नु पर्छ गलेश्वर

हिन्दूधर्मावलम्बीहरूको आस्थाको केन्द्र मानिने गलेश्वर धामलाई पर्यटकीय महत्वका साथै आस्थाको केन्द्रका रूपमा पनि बिकास गरिनु पर्छ । महादेवको पुजाआजा गरिने यस क्षेत्रमा हिन्दूधर्मावलम्बीहरूको गन्तब्यका रूपमा विकास गर्न सकियो भने आर्थिक तथा सामाजिक एवम् धार्मिक हिसाबले पनि महत्वर्पर्ण हुन्छ । नौ रोपनी क्षेत्रफलमा फैलिएको गलेश्वरको बिशाल चट्टान र त्यही चट्टान माथि स्वयंउत्पन्न ज्योतिर्लिङ्गको महिमा हिन्दूहरूका लागि निकै महत्वपूर्ण हो ।

गलेश्वर शिवालय साउन महिनामा निकै महत्वका साथ हेरिन्छ । यो महिनालाई भगवान शिवको महिनाका रूपमा लिइने भएकालेले पनि मन्दिरमा पुजाअर्चना गर्न भक्तजनहरूको घुइचो साउनका हरेक सोमबार लाग्ने गरेको छ । सोमबार भक्तजनहरूको आगमन हुँदै गर्दा त्यहाँ आउनेहरूले चढाउने भेटी पनि मन्दिरकालागि आम्दानीको श्रोत हो । मन्दिरमा आउने अधिकांश भक्तजनहरूले चढाउने गरेको भेटीको सदुपयोग हुन पर्छ भनेर आम मानिसले चासो राख्छन् र त्यो हुनु पनि पर्छ । हाल सम्मको अवस्था हेर्दा मुख्य चाडहरूमा त्यसको भोलीपल्ट र अन्य अवस्थामा १५ दिनको एक पटक मन्दिरमा चढाएको भेटी गणना गरेर सार्वजनिक गर्ने गरिदै आएको छ । साउनका शुरूका तीन वटा सोमबार मात्रै १० लाख भन्दा बढी रकम भेटी संकलन भएको छ ।

यस वर्षको साउनको पहिलो सोमबार तीन लाख ८४ हजार आठ सय २७ रूपियाँ संकलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधव प्रसाद रेग्मीले जानकारी दिनुभयो । दोश्रो सोमबार तीन लाख ८७ हजार सात सय २४ रूपियाँ संकलन भएको थियो । त्यस्तै तेश्रो सोमबार भक्तजनले चढाएको रकम चार लाख ३८ हजार दुई सय ८५ रूपियाँ पुगेको थियो । मन्दिरमा चढाएको रकम गरिमा बिकास बैंकमा रहेको कोषको खातामा जम्मा गर्ने गरिएको कोषले जनाएको छ ।

यसैबीच गलेश्वर शिवालय मन्दिरमा २०८१ साउन १ देखि २०८२ असार मसान्त सम्ममा ८४ लाख १५ हजार १७ रूपियाँ ८६ पैसा संकलन भएको कोषले जनाएको छ । गलेश्वर शिवालय क्षेत्र विकास कोषका कार्यालय सचिव बानियाँका अनुसार मेलापर्वमा भेटी वापत २६ लाख पाँच हजार छ सय ३७, मण्डपमा चढाएको भेटी ४७ लाख १० हजार दुई सय ९०, यज्ञ दर्ताबाट चार लाख ७३ हजार पाँच सय २७ रूपियाँ संकलन भएको हो । त्यसैगरी गलेश्वरमा रहेको यात्री निवासभाडा वापत सात लाख १९ हजार सात सय १४, सहयोग तीन लाख ४९ हजार ७९ र विविध मेलामहोत्सवमा हुने स्टल भाडा वापत पाँच लाख ४६ हजार सात सय ७० गरी कुल ८४ लाख १५ हजार १७ रूपियाँ संकलन भएको कार्यालय सचिव बानियाँको भनाई छ ।

# पत्रकार लागे पर्यटन प्रवर्द्धनमा

अमृत बास्कुने




नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीले पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकार सँग मिलेर अगाडी बढ्ने जनाएको छ । यसै शिलशिलामा शाखाले पर्यटन प्रवर्द्धनका लागि बेनी नगरपालिका ५ पुलाचौर पछैमा घुम्ती बैठक गरी ११ बुँदे घोषणापत्र जारी गरेको छ । बेनी नगरपालिकाका प्रमुख सुरत केसीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा धेरै विषयमा छलफल गरी निचोड निकाल्ने प्रयास भएको थियो ।

पत्रकार महांघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमको अध्यक्षता तथा बेनी नगरपालिकाका प्रमुख सुरत केसीको प्रमुख आतिथ्यतामा भएको पर्यटन प्रवर्द्धन तथा घुम्ती बैठकबाट जारी घोषणा पत्रमा पर्यटनकालागि महत्वपूर्ण बुँदाहरू उल्लेख छन् । पौराणिक महत्व बोकेका गलेश्वरधान-कपिलाश्रम-गुफाडाँडा-पुल-धन-दौलार दरबार-जगन्नाथधाम-ढढेकोत क्षेत्र हुँदै सिद्धआश्रम-टोड्के क्षेत्रलाई प्राचीन धार्मिक करिडोर क्षेत्रको रूपमा विकास गर्न पर्नेमा नेपाल पत्रकार महासंघले जोड दिएको छ ।

म्याग्दीको बेनी नगरपालिका क्षेत्र भित्र धेरै पर्यटकीय महत्वका स्थलहरु रहेको र त्यस मध्येको पुलाचौरमा रहेको प्रसिद्ध पौलस्त्य पुलहाश्रम क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तब्यको क्षेत्रका रुपमा विकास गर्नको लागि जिल्लास्थित विभिन्न सरोकारवालाहरूको ध्यानाकार्ण गराउने पहलकदमी दिनु पर्ने निर्णय सहितको घोषणा पत्रकार महासंघले गरेको छ । हालको अवस्थामा जिर्ण सडकलाई ब्यवस्थीत गर्नु पर्ने धेरै ठाउँमा अवस्था रहेको यर्थालाई आत्मसात गर्दै पुलस्त्यमा पर्यटकीय सम्भावना बढाउनका लागि पुलाचौरको चनौटेदेखि पुलहाश्रम मन्दिर परिसरसम्म पुग्ने सडकको तत्काल स्तरोन्नति गरी आवतजावतलाई सहज बनाउनु पर्ने तर्फ ध्यान केन्द्रीत गरिनु पर्ने निर्क्यौल पत्रकार महासंघको बैठकले निकालेको महासंघका सचिव ठाकुरप्रसाद आचार्यले बताउनुभयो ।

पछिल्लो घटनाक्रमहरू हेर्दा बाइसेचौबिसे राज्यको पाल देखि नै चर्चीत रहेको यस क्षेत्रलाइ थप प्रचारप्रसार गर्ने र पर्यटक आउनका लागि सहज मार्ग आवश्यक पर्ने हुँदा बेनीबजारस्थित हुलाकेचोकदेखि अर्थङ्गेको आँपारूखसम्म निर्माणाधीन अवस्थामा रहेको पर्यटन पदमार्गलाई बजेटको स्रोत सुनिश्चितता गरी पुलहाश्रम सम्म जोड्नु पर्ने आवश्यकता देखिएको छ । पर्यटकीय स्थल पुग्नका लागि सहज मार्ग तथा ब्यवस्थीत बास खानाको ब्यवस्था गरिनु पर्ने तर्फ स्थानीय वासिन्दा र स्थानीयतहले नै ध्यान दिनु पर्ने देखिन्छ । यसलाई थप उजागर गरेर अगाडी बढाइनु पर्ने आवश्यकतालाई महशुष गरेर अगाडी बढीनु पर्छ ।

पुलहाश्रम-घतानकोत ढोलठान दरबार हुँदै पर्यटकीय क्षोत्र गुपत्ाको डाँडा-जगन्नाथधान र ढढेकोत दरवार क्षेत्रलाई पर्यटन पदयात्राको मार्गका रूपले विकास गर्न सरोकारवालाको ध्यानाकर्षण गराउन पर्ने निर्णय भएको नेपाल पत्रकार महासंघ म्याग्दी शाखाका अध्यक्ष गौतमले जानकारी दिनुभयो । पत्रकार महासंघ पनि आफ्नो क्षेत्रका पर्यटन प्रवर्द्धनका लागि सक्रिय हुनु पर्ने आवश्यकतालाई मध्येनजर गरेर यस्ता क्षेत्रमा पुग्न पर्ने रहन्छ । पत्रकार महासंघ जिल्ला शाखाको अघिल्लो कार्यसमितिले थालेको पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने कार्यक्रम अन्तरगत यस पटक पुलस्त्य, पुलाहश्रम, ढोलठान दरवार तथा जगन्नाथ क्षेत्रमा पत्रकारको टोली पुगेर प्रचारप्रसारको काम गरेको पत्रकार महासंघका गण्डकी प्रदेश अध्यक्ष प्रकाश पौडेलको भनाई छ ।

स्थानीय आमा समूह, स्थानीय वासिन्दा लगायतको समन्य र सहयोगमा भएको पर्यटक प्रवर्द्धन कार्यक्रममा धार्मिक तथा पर्यटकीय क्षेत्र पुलाचौर तथा पुलाडाँडाको पर्यटन प्रवर्द्धन गर्नका लागि स्थानीय स्तरमा होमस्टे

बाँकी अन्तिम पृष्ठमा

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं** : व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेद लगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गराइ सचेत नागरिकको परिचय दिऔं ।

**मंगला गाउँपालिका**

बाबियाचौर, म्याग्दी

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं** : व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेद लगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गराइ सचेत नागरिकको परिचय दिऔं ।

**जलजला गाउँपालिका**

लामाखेत, पर्वत

सम्पादकीय

## देशमै केही गर्ने कि

नेपाली युवाहरु बैदेशिक रोजगारीमा जाने भन्ने सपना मै दिनरात बिताउने गर्दछन् । बैदेशिक रोजगारीमा जाँदा त्यो ठाउँमा गर्ने मेहनत अनि हुने बाधा अड्चन भन्दा पनि उनीहरुमा हुने व्यस्तता र फुर्सदको समय भयो भने मनमा खेल्ने नकारात्मक अस्थिरताको जरो निकै गहिरो पक्कै छ । आफूले केही गर्ने भन्दा पनि अरुको बिरोध गर्ने र आफूले सकेसम्म केही प्रयासै नगर्ने मानसिकताले पनि पछिल्लो समय सबैको दिमागलाइ गिजोलेको पक्कै हो । सामाजिक सञ्जालमा मुलक र व्यवस्थाको बिरोधका स्वर देखाउँदै गालि र बिरोधका बिचारले मात्रै मुलुकको बिकास त पक्कै पनि हुदैन भन्ने हेक्का हुदा हुदै पनि त्यहीलाई नै अंगालेर दिन बिताइ रहेको अवस्था अहिलेको नेपाली पुस्ताहरुमा रहेको पाइन्छ । यसलाई सुधार गर्ने वा यसलाई छाडेर थप अगाडी बढ्ने कि भन्ने तर्फ ध्यान गएको भने पाउन सकिदैन ।

लामो समय सम्म बैदेशिक रोजगारीमा पुगेर स्वदेश फर्केपछि बेनीमा नमस्ते होटलबाट आफ्नो ब्यवसाय थालनी गर्नु भएका ताराप्रसाद आचार्य( बाबुराम आचार्य)ले अहिले बेनी नगरपालिका-९ गलेश्वरमा होटल याक बेनी प्रा.लि. नामबाट आफ्नो व्यवसाय सञ्चालन गर्दै आउनु भएको छ । आफू एक जनाका लागि रोजगारीको खोजीमा भौतारिएको विगतलाई अरुले सम्झने अवस्था हुँदै गर्दा उहाँले अहिले २० जना भन्दा धेरैलाई रोजगारी सृजना गर्नुभएको छ । प्रयास गरेमा के हुन्छ हुदैन भन्ने सन्दर्भमा उहाँ यस क्षेत्रका लागि गतिलो उदाहरण हुनुहुन्छ । उहाँ जस्तै सानै उमेर देखि कामको खोजीमा म्याग्दी आउनु भएका राजन लामाले अहिले बेनीबजारको हस्पीटल चोकमा आफ्नो व्यवसाय सञ्चालन गर्दै उहाँले पनि १५ भन्दा धेरै रोजगारी सृजना गर्नुभएको छ । यी त प्रतिनिधि पात्र मात्र भए सम्भावना धेरै छ र काम गर्ने प्रयास गरेको खण्डमा सफल हुन सकिन्छ भन्ने उदाहरण बाबुराम आचार्य र राजन लामा हुनुहुन्छ ।

पछिल्लो समय मैले के गरैं भन्दा पनि मलाइ के गरिदियो भन्ने सोचको बिकास भएको देख्न पाइन्छ । कुनै पनि काम आफूल गर्ने भन्दा पनि मेरा लागि किन गरिदिएन भन्ने ध्याउन्न मात्र नागरिकमा बढेको जस्तो देखिएको छ । राम्रो जागिर चाहिएको छ मलाइ भन्नेले आफूमा राम्रो जागिर खान सक्ने क्षमता विकास गरेको छु कि छैन भन्ने सम्म हेक्का नराखेको पाइन्छ । समय बलवान छ भन्नेहरुले त्यो समयलाई पनि आफ्नो पक्षमा पार्ने क्षमताकालागि प्रयास गर्ने तिर लाग्दैनन् । आफूले मेहनत नगरे सम्म सफलता पाउन सकिदैन त्यो थाहा छ तर पनि मैले सफता पाइन भन्नेहरुको पनि जमात पछिल्लो समय बढ्दै गएको छ । यसलाइ हेरेर समग्र निचोड निकाल्ने हो भने पछिल्लो समय नकारात्मक अस्थिरताले हाम्रो सबै क्षेत्रमा गिजोलेको हुनाले यसबाट हामी सबैले छुटकारा पाउने वा यसलाई थप मजबुत बनाउने भन्ने तर्फपनि सोच्ने हो कि ? यहीं र आफ्नो क्षेत्रमै बसेरै मेहनत गर्दा पनि सुन फलाउन सकिन्छ भन्ने उदाहरण खबराका चन्द्रबहादुर कार्की, गलेश्वरमा व्यवसाय गरी रहनु भएका बाबुराम आचार्य तथा हस्पिटल चोकका राजन लामाहरु उदाहरण हुँदै गर्दा पनि अरुलाई गालि मात्रै गरेर बस्ने हो भने न त आफू बनिने छ न त आफ्नो कारणले गर्दा अरु कोही बन्ने छन् ।

# उपभोक्ता अधिकार र नेपाल सन्दर्भ



अमृत प्रसाद कँडेल

कुनै पनि प्रकारका वस्तु वा सेवाको उपभोग वा प्रयोग गर्ने ब्यक्ति वा संस्था नै उपभोक्ता हुन । उपभोक्तालाई ग्राहक वा सेवाग्राही पनि भन्ने गरिन्छ । उपभोक्तावादको विकासक्रम सँगै उपभोक्ताले वस्तु र सेवाको उपभोग गर्नुमात्र महत्वर्पर्ण विषय होइन । त्यस्ता वस्तु र सेवाहरू गुणस्तरीय हुन की हैनन् ? मानव स्वास्थ्यलाई हित गर्छन कि, गर्दैनन् ? भन्ने विषय बढि महत्वर्पर्ण रहन्छ ।

उपभोक्ता अधिकार वर्तमान समयको Cross–cotting issue हो । १९९० को विश्वब्यपीकरणको अवधारणा तथा उदारिकरणको उदय सँगै यो विषय झन जटिल र पेचिलो बन्न पुग्यो । कुनै एक देशमा उत्पादित वस्तु तथा सेवा विश्वको जुनसुकै देशको जुनसुकै ठाउँमा सजिलै पुग्ने, विक्रि वितरण हुने साथै उपभोग हुने अवस्थाको सिर्जना भयो । जसको कारण उपभोक्ता अधिकार कार्यान्वियनमा थप जटिलता थपियो । वर्तमान पुस्तामा उपभोक्तावादी जिवनशैली बढ्दैजादाँ यसमा झन चनाखो र होसियार बन्नुपर्ने हुन्छ ।

सर्वप्रथम सन् १९६२ मार्च १५ मा संयुक्त राज्य अमेरिकाका तत्कालिन राष्ट्रपति जोन एफ केनेडीले उपभोक्तालाई चार प्रकारका अधिकार दिने घोषणा गरे । ती अधिकारहरुमाः-

- बजारबाट वस्तु वा सेवा छनौट गर्न पाउने अधिकार,
- वस्तु वा सेवाको बारेमा सँचना पाउने अधिकार,
- वस्तु वा सेवाको सुरक्षित तरिकाले उपभोग गर्न पाउने अधिकार,
- वस्तु वा सेवाको उपभोगको क्रममा मर्का परेमा सुनुवाई गरिने अधिकार ।

यो घोषणालाई नै उपभोक्ता अधिकारको औपचारिक शुरूवात मानेर हरेक वर्ष मार्च -१५ लाई विश्व उपभोक्ता अधिकार दिवसको रूपमा मनाइन्छ । त्यस पछि युरोपियन देशहरूमा पनि उपभोक्ता अधिकार सम्बन्धी कानुन बन्न थाले । UNO को १९८५ मा सम्पन्न साधारणसभाबाट प्रत्येक सदस्य राष्ट्रले उपभोक्ताको हकहित र संरक्षणकोलागि काम गर्नुपर्ने गरी "UN Guidelines for consumer protection " नामक निर्देशिका जारी भयो । उक्त निर्देशिकामा आठ वटा सवालहरू मुख्यरूपमा समावेश गरिएका थिए जसमाः-

१. उपभोक्तालाई बजारबाट सुरक्षित गर्नुपर्ने,
२. उपभोक्ताको आर्थिक हितलाई संरक्षण गर्नुपर्ने,
३. प्रत्येक वस्तु र सेवामा सुरक्षाको मापदण्ड तोक्नुपर्ने,
४. बजारमा पाइने प्रत्येक वस्तु र सेवा गुणस्तरयुक्त हुनुपर्ने,
५. उपभोक्तालाई मर्का परेमा कानुनी उपचार पाउने निकायको स्थापना गर्नुपर्ने,
६. खाद्यान्न,पानी र औषधी जस्ता आवश्यक वस्तुमा प्रत्येक नागरिकलाई सुलभरूपमा पहुँच पुर्‍याउन विशेष कार्यक्रम ल्याउनुपर्ने,
७. कुनै वस्तु तथा सेवाको उपभोग गर्दा उपभोक्तालाई नोक्सान पुगेमा त्यस विरुद्ध क्षतिपुर्ति पाउनुपर्ने,
८. उपभोक्ता शिक्षाको अधिकार।

यसको साथसाथै अन्य अन्तराष्ट्रिय संस्थाहरू जस्तै FAO, ILO,WIPO,UNHCR समेतले अन्तराष्ट्रिय तहमा विश्वब्यापी उपभोक्ता अधिकार संरक्षणको विकासका लागि सक्रिय सहभागिता र भुमिका निर्वाह गर्दै आएका छन् ।

नेपालमा धेरै पछि सम्म आफुलाई आवश्यक पर्ने वस्तु आफै उत्पादन गर्ने चलन भएकाले उपभोक्ता अधिकार बारे सचेत हुन थालेको लामो समय भएको छैन । परम्परागत रूपमा नेपालमा उपभोक्ता अधिकार सम्बन्धी ब्यवस्था धर्ममा नै दण्डनीय भएको पाईन्छ भने यो वा त्यो रूपमा विगत लामो समय देखि रहदै आएको मान्न सकिन्छ । जस्तै जयस्थिति मल्ल, राम शाह लगायत राजाको पालामा शुरूभएको मानापाथी, ढक तराज, जग्गा जमिनको नाप सम्बन्धी ब्यवस्थाले पनि उपभोक्ता अधिकारलाई केही हदसम्म सम्बोधन गरेको र उपभोक्ता नठगिउन भन्ने उद्देश्य राखेको पाईन्छ । औपचारिकरूपमा नेपालले उपभोक्ताहरूको हक अधिकार संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली, २०५६ लार्ग गरेपछि यसले विशेष महत्व र चर्चा पाउन थालेको हो। हाल यसलाई परिमार्जित गरी उपभोक्ता संरक्षण ऐन,२०७५ एवं नियमावली,२०७६ कार्यान्वयनमा रहेको छ । नेपालको संविधान, विभिन्न ऐन, मुलुकी देवानी कार्यविधि संहिता २०७४, प्रदेश कानुन तथा स्थानीय तहहरूले बनाएका यस सम्बन्धी कानुनले समेत यसलाई सशक्तरूपमा अगाडी बढाएको पाईन्छ । वर्तमान संविधानको धारा-४४ मा उपभोक्ताको हकलाई मौलिक हकको रूपमा स्थापित गरि "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ" साथै "गुणस्तरिय वस्तु वा सेवाबाट क्षति पुगेको ब्यक्तिलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ।" भनेर संवैधानिक अधिकारको सुनिश्चतता गरिएको छ । यती मात्र नभई सरकारले उपभोक्ता अधिकारको बारेमा चेतना बढाउन स्कुलको पाठ्यक्रममा समेत यसलाई समावेश गरेको छ ।

उपभोक्ता अधिकार संरक्षण ऐन-२०७५ को दफा ४१ मा उपभोक्ता अदालत सम्बन्धी ब्यवस्था रहेको र मिति २०८१ चैत्र ३ गते देखि सञ्चालनमा आएको छ । उपभोक्ता संरक्षण ऐन-२०७५ को दफा ३ मा उपभोक्ता अधिकार अन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ भनि उल्लेख गरिएको छ । उपभोक्ताको हकहित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

क) वस्तु वा सेवामा सहज पहुचको अधिकार,
ख) स्वच्छ प्रतिस्पर्धात्म मुल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार
ग) वस्तु वा सेवाको मुल्य परिमाण, शुद्धता, गुणस्तर आदि बारे सुचित हुने अधिकार,
घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारिकर्ता वा विक्रेताबाट जानकारी पाउने अधिकार,
ङ) मानव जीउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको विक्रि वितरणबाट सुरक्षित हुन पाउने अधिकार,
च) अनुचित ब्यापारिक तथा ब्यवसायजन्य क्रियाकलाप वरूद्ध उचित कानुनी कारबाही गराउन पाउने अधिकार,
छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानि नोक्सानी विरूद्ध क्षतिर्पर्ति पाउने अधिकार,
ज) उपभोक्ताको हकहितको संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,
झ) उपभोक्ता शिक्षा पाउने अधिकार।

यस ऐनको अर्को महत्वर्पर्ण ब्यवस्थामा दफा १४ रहेको छ जसमा वस्तु फिर्ता गर्न सकिने ब्यवस्था रहेको छ । जो धेरैलाई थाहा नहुन पनि सक्छ। कसैले विक्रेताबाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा ७ दिन भित्र विक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मुल्य बराबरको त्यस्तै अर्को वस्तु वा आफुले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्ने छ । यसरी वस्तु फिर्ता गर्दा विक्रेताले मुल्यमा कटौती गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिनपाउने छैन । तर वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दाका वखत विक्रेताले दिएको विल वा रसिद देखाउनुपर्ने हुन्छ र वस्तु छिटै नविग्रन हुनुपर्छ । त्यसै गरि उपभोक्ता संरक्षण गर्ने उक्त ऐनको परिच्छेद-७ मा जाचँबुझ, निरिक्षण र अनुगमन सम्बन्धी ब्यवस्था समेत गरेको पाईन्छ । जसमा केन्द्रिय बजार अनुगमन समिति, प्रदेश वजार अनुगमन समिति, जिल्ला बजार अनुगमन समिति तथा स्थानिय बजार अनुगमन समिति रहने ब्यवस्था छ ।

तीन तहका सरकार मार्फत, गैरसरकारी संघसंस्था एंव नागरिक समाजबाट समेत उपभोक्ता हकहित एवं अधिकारको सम्बन्धमा कार्यहरू भएतापनि अपेक्षितरूपमा उपभोक्ताहरूको हक अधिकार संरक्षण हुन सकेको देखिदैन । अनुगमन चाडपर्वमुखि मौसमी, नियमित नहुनु, बजार अनुगमनमा विषयगत कार्यालयहरूलाई सहभागि नगराईनु, बजारबाट लिईएका नमुना संकलन/वस्तुको सहज प्रयोगशाला परिक्षणको अभाव रहनु, यस सम्बन्धी विज्ञको अभाव हुनु, उपभोक्ता शिक्षा एवं सचेतना नहुनु, स्थानिय तहहरू बजार अनुगमनमा अनईच्छुक रहनु, दायित्व बोधको कमि, समयमानै बजार निरिक्षक नतोकिनु, कानुनको परिपालनामा वेवास्ता जस्ता समस्या एवं चुनौतीहरू रहेका छन् । यि र यस्ता समस्या एवं चुनौतीलाई चिर्न गाह्रो भने छैन । बजार अनुगमन र ब्यवस्थापनलाई सँचना प्रविधि सगँ आवद्ध गर्ने, अभिलेख ब्यवस्थापनलाई डिजिटलाइजेसन गरि तीनै तहका सरकारले उपयोग गर्न सकिने ब्यवस्था मिलाउने, बजार अनुगमनमा खट्ने कर्मचारीको क्षमता विकास गराउने, निरीक्षण अधिकृलाई प्राविधिक र न्यायिक तालिम समय-समयमा दिने, बजारबाट सकंलित नमुना खाद्यबस्तुलाई प्रयोगशालाबाट सजिलै परिक्षण गर्न सकिने ब्यवस्था मिलाउने, स्थानिय तहहरूलाई जागरूक बनाउने लगायत नेतृत्वको दृढ संकल्प, सचेत र जागरूक उपभोक्ता, जिम्मेवार निजि क्षेत्र बनाउन सकिएमा स्वच्छ बजार प्रवर्द्धन हुने र उपभोक्ताको संवैधानिक हक संरक्षण एवं सम्वर्द्धन हुनेमा विश्वस्त हुन सकिन्छ ।

*लेखक पर्यटन तथा उद्योग कार्यालयका प्रमुख हुनुहुन्छ*

# हार्दिक बधाई

**माध्यमिक शिक्षा परीक्षा (SEE) २०८१ मा ४ जि.पि.ए.सहित अधिराज्यभरमा नै सर्वोत्कृष्ट छात्र, जिल्ला प्रथम सहितको नतिजा हासिल गर्न सफल यस विद्यालयका सम्पूर्ण छात्र छात्राहरुलाई हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं ।**



आयुष सुवेदी (जिल्ला प्रथम)
४.००



अभियान सेन्चुरी ३.९१ | जेसन कार्की ३.८९ | सुयत्ना शाक्य ३.८० | सुनेना गुरुङ ३.७७ | एन्जिला परियार ३.७५ | सुगित कार्की ३.७५



प्रेरणा के.सी ३.७० | अन्जली जि.सी. ३.६९ | अस्मिता बरुवाल ३.६९ | विप्सन चोखाल ३.६९ | एन्जिलिना भट्टचन ३.६८ | देविक्क्ष्या परियार ३.६७ | प्रसंशा रिजाल ३.६६ | सुजेन गुरुङ ३.६५



जेसिका श्रीपाली ३.६४ | प्रकृति सापकोटा ३.६३ | चन्द्रकुमारी थापा ३.६२ | नितु चोखाल ३.६२ | रितिस्मा बरुवाल ३.६२ | श्रवण पुन ३.६० | विराज पुन ३.६० | प्रिया बरयाल ३.५६



दिप्सन परियार ३.५५ | आशिष पौडेल ३.५० | मिसन भण्डारी ३.५० | साधना पुन ३.५० | आयुष नेपाली ३.४९ | भिपेन्द्र पाईजा ३.४९ | मन्दिरा पुन ३.४८ | देविन राम्जाली ३.४६



झरना फगामी ३.४६ | रेखा पुन ३.४५ | यकेन खत्री ३.४४ | सुमन वि.क. ३.४४ | निश्मा पुन ३.४३ | जोसिका थापा ३.४२ | मेधावी के.सी. ३.४२ | बसन्त वि.क. ३.४०



राजेश पुर्जा ३.४० | सरगम रोका ३.४० | कसिस्मा रोका ३.३७ | आदेश वि.क. ३.३५ | रोजिस शाही ३.३४ | रोहित कार्की ३.३४ | शंकल्प क्षेत्री ३.३३ | सुदिन बुढा ३.३० | प्रविण थापा ३.२८



सृष्टि फगामी ३.२८ | नविन वि.क. ३.२१ | मिजास खाती ३.२१ | संगम पुर्जा ३.२१ | कुशल पुन ३.१८ | मनोज मल्ल ३.१२ | सुदिप वि.क. ३.०८ | अनमोल छन्त्याल ३.०३ | सनम वि.क. २.९६

## माउण्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालय

बेनी, म्याग्दी

# बीमा: नागरिकको आर्थिक सुरक्षा, राज्यको पुँजी निर्माण

# सम्भावना र चुनौती उत्तिकै

*हरिप्रसाद पौडेल*

बीमा नेपाल जस्तो भौगोलिक संरचना भएको मुलुक, प्राकृतिक विपत्तिहरू भइरहने, नागरीकहरू आर्थिक विपन्न नागरीकहरूको वाहुल्यता रहेको मुलुकमा अपरिहार्य छ । विश्व वजारमा खास गरी बीमाको सुरूआत एक देशवाट अर्को देशमा समुन्द्र वाट सामाग्रिहरू निकासी पैठारी गर्दा सामाग्रिहरू लुटिने, नासिने अवस्थामा त्यसको जोखिम वहन गर्ने प्रयोजनको लागि सुरूआत भएको मानिन्छ र नेपालमा पनी माल चलानी अड्डाको नामवाट बीमाको कारोवार सुरु भएको हो । सुरूमा बीमा वस्तुको मात्र गरिन्थ्यो पछी विस्तार हुँदै मानिसको क्षतिमा समेत परिपुरण गर्ने गरी गर्न थालियो तर सुरूमा जिवन बीमा गर्दा जो कमजोर छ जो छिटो मृत्यू हुनसक्ने जोखिममा रहेको छ त्यसको बीमा तेस्रो ब्यक्तिले गरिदिएर सोको क्षतिपुर्ति सोही त्यश्रो ब्यक्तिले लिने प्रचलन थियो । समयक्रममा बीमामा आवश्यक परिवर्तन गर्दै आज परिस्कृत रूपमा सञ्चालनमा आएको छ र यो नै अन्तिम अवस्था हो भन्न सकिदैन यसमा समेत केही परिवर्तनहरू हुदै जानेछ ।

बीमा क्षेत्र आजको युगमा हरेक ब्यक्ति र राज्यका लागि अपरिहार्य वनिसकेको छ, बीमाको आवद्धता वाहेक आर्थिक सुरक्षाको प्रत्याभूती हुनसक्ने अर्को कुनै अवस्था देखिदैन । एउटा ब्यक्तिको लागि र उसंग सम्वन्धित परिवारजनको लागि आर्थिक सुरक्षाको पाटो हो बीमा भने आजको अवस्थामा देशको पूर्जीं निर्माणको एक महतवपूर्ण हिस्सा समेत हो बीमा वजार । एकजना न्यून आय भएको ब्यक्ति जसले कम्तीमा एकलाख रूपैयाँ बीमांकको बीमा गरेको खण्डमा उसको हताहतीमा वा उसको ब्यवसायमा भएको क्षतिवाट उ र उसको परिवार सडकमा आउनुपर्दैन । त्यसैगरी ठूलो पूर्जीं परिचालन गर्नसक्ने क्षमता भएको ब्यक्तिले आफ्नो ब्यवसायको बीमा गरेको खण्डमा ब्यवसायमा हुने प्राकृतिक तथा अन्य विपत्तिवाट भएको क्षतीको परिपुरण लिन सक्छ र ब्यवसाय पुर्ववत् सञ्चालन गर्न सक्छ । ठिक त्यसैगरी आम नागरीक संग भएको सानो सानो पूर्जीं बीमा ब्यवसाय मार्फत संकलन हुने तथा सो रकमलाई राज्यले तोकेका पर्यटन, पुर्वाधार, जलविद्युत जस्ता क्षेत्रमा बीमक मार्फत स्वतः लगानी हुने वा सो रकम बैंक मार्फत विभिन्न आयोजनामा लगानी हुने हुँदा यसले प्रत्यक्ष अप्रत्यक्ष रोजगार सृजना गर्ने, पूजी परिचालन वाट थप पूजीको निर्माण गर्ने गर्दछ । त्यसैले एउटा बीमितले आफ्नो आर्थिक सुरक्षाको लागि गरेको सामान्य दुइचारसय लगानी पनी रष्ट्रिय पूर्जीं निर्माणमा सहयोगी वनेको हुन्छ ।

हालसम्म करिव ५१ प्रतिशत जनसंख्यामा जीवन बीमाको पहुँच पुगेको मानिन्छ, निर्जिवन बीमाको पहुँच अलिक वढी छ भने कृषि पशु बीमाको पहुँच १० प्रतिशत भन्दा कम रहेको अवस्थामा यसको प्रचार प्रसार गरी पहुँचमा पुर्‍याउनु आवश्यक छ । साथै आज जीवन बीमाको पहुँचमा करिव आधा जनसंख्याको सहभागिता हुँदै गर्दा आर्थिक सहभागिता जुन देखिएको छ त्यो भने गलत छ, वीमा सेवामुलक ब्यवसाय वन्न सकेमा यसको दिर्घकालिन सञ्चालनमा सहयोग पुग्छ अन्यथा हालको जीवन बीमा वजारमा रहेको पूर्जीं यही अनुपातमा बीमा वजारमा टिकिरहन सक्ने देखिदैन । अहिले सानो र मझौला लगानीका क्षेत्रहरू असुरक्षित रहेका ठुला आयोजनाहरूमा सकेत वैंकले लगानी गर्न हिच्कीचाइरहेको, वचतको ब्यजदर अत्यन्त न्यून रहेको कारण जीवन बीमा वजारमा एकमुष्ठ लगानी गर्नेहरूको आकर्षण रहेको कारण बीमा वजारमा पंर्जीं अत्याधिक देखिएको छ, भविश्यमा यही अवस्था कायम राख्न बीमा वजारलाई चुनौती रहेको देखिन्छ । संगै बीमामा नागरीकहरूको आकर्षण वढाउन समेत बीमा क्षेत्रले यथेष्ट मेहनत गर्नुपर्ने आवश्यकता देखिन्छ, बीमा किन गर्ने यसको दिर्घकालिन महत्व के हो भन्ने वारेमा मसिनो गरी नागरीक स्तमा वुझाउन आवश्यक छ, आजको दिनमा वैंक संग बीमाक्षेत्रले पूर्जीं संकलनमा प्रतिस्प्रधा गरेको पाइन्छ यो गलत हो । बीमाले रकमको आँकडामा होइन सर्वसाधारण सवैलाई बीमामा समेट्ने रणनीति अख्तियार गर्नु आवश्यक छ । त्यसैगरी बीमामा सहभागिता भइसकेको समुहलाई बीमा योग्य उमेर सम्म टिकाइराख्नु बीमा क्षेत्रको अर्को महत्वपुर्ण चुनौती रहेको छ, यसतर्फ बीमा नियमनकारी निकाय बीमा प्राधिकरण र विमक दुवै क्षेत्र मौन देखिन्छन् जसको कारण बीमा प्रती आम नागरीकको विश्वासनियता वढ्नुको सट्टा घट्दै गइरहेको छ । बीमा प्रस्तावको आर्थिक क्षमताको पहिचान नगरीकन उसलाई बीमाको महत्वको वारेमा नवुझाईकन बीमा प्रस्ताव गराउने, कतिपय अवस्थामा अभिकर्ता समेत सो सम्वन्धी ज्ञानमा कमि रहेको कारण ब्यक्तिगत आयको लागी योजना विहिन ढंगले बीमा प्रस्ताव गराउने कारण बीमितले बीमा नियमित गर्न नसक्ने र तिन चार वर्षमानै समर्पणमा जाने त्यसरी जाँदा उसले आफ्नो लगानी पनी फिर्ता नपाउने हुँदा विमित र विमक दुवै घाटामा रहने भएको कारण बीमा वजारमा नागरीक सहभागिताको ग्राफ ओरालो लाग्ने अवस्था रहेको छ यसले समग्र वित्तिय अवस्थालाई नै गलत प्रभाव पार्ने हुँदा सम्वन्धित निकायको समयमै ध्यान जान आवश्यक छ ।

*लेखक लामो समय देखि जीवन बीमा क्षेत्रमा सक्रिय हनुहुन्छ*


## हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**टेकप्रसाद सापकोटा**
प्रोपाइटर
**सापकोटा भेटेरीनरी मेडिसिन सप्लायर्स**
बेनी नगरपालिका ७, पुस्तकालयचोक, बेनी म्याग्दी



## हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना ब्यक्त गर्दछौं ।

**रिहगाद बहुउद्देश्यीय सहकारी संस्था लि.**
बेनी नगरपालिका ८, पिपलचोक बेनी म्याग्दी



## हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल** साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**दिपक सुवेदी**
प्रिन्सिपल

**बालकृष्ण सुवेदी**
संस्थापक/अध्यक्ष

**लिटिल गार्डेन ऐकेडेमी**
बेनी बजार, म्याग्दी

# हार्दिक बधाई

राष्ट्रिय परीक्षा बोर्डद्वारा वि.सं. २०८२ वैशाखमा सञ्चालित कक्षा १२ को बोर्ड परीक्षामा यस विद्यालयबाट सम्मिलित भई **साविक धौलागिरि अञ्चलमै सर्वोत्कृष्ट ३.९१ जिपिए** सहित सफलता हासिल गर्नुहुने छात्रा **बर्खा थापा** लगायत सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै थप शैक्षिक सफलताको शुभकामना व्यक्त गर्दछौँ । साथै, सर्वोत्कृष्ट नतिजाका लागि अहोरात्र खट्नुहुने शिक्षक शिक्षिकाज्यूहरु, अमूल्य सहयोग, साथ र सुझाव दिनुहुने आदरणीय अभिभावकज्यूहरु लगायत सम्पूर्ण शुभचिन्तक महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछौँ ।

**बर्खा थापा**
**(३.९१)**

आशिक बरुवाल (३.८०)
जिना राई (३.७७)
अंकित शाही (३.७१)
सुस्मिता शर्मा (३.७१)
विपिला सापकोटा (३.७०)
आभाष श्रेष्ठ (३.६२)
चुजन पुन (३.५४)
संगम शाही (३.५४)
शिखा शर्मा (३.५३)
अन्जित भण्डारी (३.५१)
रिद्धिमा क्षेत्री (३.५१)
दिव्या बानियाँ (३.५०)
उत्सव जिसी (३.४८)
बचन खड्का (३.४३)
दिया पुर्जा (३.४०)
किशोर सिंह (३.३०)
आयुस्मा बरुवाल (३.२८)
नगेन्द्र पुर्जा (३.२७)
आशिष सुवेदी (३.२२)
विसन कार्की (३.२१)
पुजा पुन (३.२१)
विराज कार्की (३.१९)
इस्नान थापा क्षेत्री (३.१९)
इच्छा गिरी (३.१५)
शिशिर छन्त्याल (३.१२)
आशिका केसी (३.०८)
अप्सन खत्री (३.०८)
सज्जन नेपाली (३.०८)
सलिना खोराजा (३.०७)
जाफ्रिन हुसेन (३.०६)
रेक्सोना परियार (३.०६)
आइस्ना पुन (३.०४)
अभिषेक बराइली (३.०१)
बसन्त छन्त्याल (३.०१)
सुसन पुन (३.०१)
सजनी शाही (३.००)
दिलक पाइजा पुन (२.९९)
सुसन बरुवाल (२.९८)
विसन परियार (२.९५)
शिशिर बानियाँ (२.९०)
टिया बानियाँ (२.८९)
विशाल रिजाल (२.८८)
सलिना केसी (२.८८)
सन्देश सापकोटा (२.८८)
प्रसन चोखाल (२.८७)
करणबहादुर खत्री (२.८६)
गरिमा सिंह ठकुरी (२.८५)
अनिश थापा (२.८४)
आयुष्मा थापा (२.८४)
समीर छन्त्याल (२.८४)
रोशिका सापकोटा (२.७८)
प्रसिद्ध थापा (२.७६)
विलिशा मल्ल (२.७३)
खिमा छन्त्याल (२.७२)
रश्मी गौचन (२.६७)
कृष्टि पुन (२.६६)
विशाल पटेल (२.६४)
सुदिप परियार (२.६४)
विरोज श्रेष्ठ (२.६३)
अरुणा फगामी (२.६२)
बुद्ध पुन (२.६१)
कस्तुब सुनार (२.६१)
सोनिशा जिसी (२.६०)
एन्जिला मगर (२.५४)
सचिन घर्ती क्षेत्री (२.५२)
युविन तिलिजा पुन (२.५२)
सलिना हमाल (२.४९)
सुजन सिंह (२.४८)
अन्जान खत्री (२.४७)
विवश भण्डारी (२.४२)
ताजिना पुन (२.४१)
मिलन थापा (२.४१)
आविष्कार घर्ती विक (२.३२)

**कक्षा ११ मा सीमित सिटका लागि भर्ना जारी रहेको जानकारी गराउँदछौं ।**

**डी.वि. दाहाल**
प्रिन्सिपल

**विष्णुकुमारी रोका**
अध्यक्ष, शिक्षक अभिभावक संघ

**कृष्णप्रसाद श्रेष्ठ**
अध्यक्ष

NEW WEST POINT AWASIYA SECONDARY SCHOOL
TOWARDS ENLIGHTENMENT
ESTD 2049

## न्यू वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालय परिवार

बेनीबजार, म्याग्दी फोन : ०६९-५२०४७२, ५२०४७१

## साताको तस्बीर





पुलस्त्य पुलहाश्रम स्थीत पुलहाश्रम मन्दिर परिषरमा पर्यटन प्रवर्द्धनका लागि सहभागीहरु सामुहिक तस्बीर खिचाउँदै बायाँ र रावण पार्कको सन्दर्भमा भएको प्रगति तथा हाल सम्मको वस्तुस्थितिका सन्दर्भमा पत्रकारहरु सँग आफ्ना कुरा राख्दै नगरप्रमुख सुरत केसी बायाँ  *र : म्याग्दी नेपाल*

## पत्रकार ......

(घरबास) कार्यक्रम लागू गरी सञ्चालन गर्न सम्बन्धीत निकाय सँग माग गरिनु पर्ने समेत महासंघको निश्कर्ष निकालीएको थियो ।

धार्मिक क्षेत्र पौलस्त्य पुलहाश्रम तथा रावणपार्क क्षेत्रको आवश्यक प्रचारप्रसार गरी स्वदेश तथा विदेशबाट समेत धार्मिक पर्यटकहरूको आवागमन बढाउनको लागि स्थानीयस्तरबाट समेत उचित पहल गर्न माग गर्ने महासंघले जनाएको छ । पौलस्त्य पुलहाश्रम क्षेत्रमा आवश्यक पर्ने सबै खालका संरचनाहरू निर्माण गरी पर्यटन प्रदान गर्न धेरैभन्दा धेरै कार्यक्रमहरू आयोजना गर्न पर्ने देखिएको बताइएको छ ।

ऐतिहासिक रावणपार्क निर्माण अन्तिम चरणमा पुगेको सन्दर्भमा पौलस्त्य र विश्रवा ऋषिको समेत मूर्ति स्थापना गर्ने र धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रहरूको विकास तथा प्रवर्द्धन गर्नका लागि ती स्थानसम्म पुग्ने सडकको स्तरोन्नति साथै पैदलमार्ग निर्माण गर्नु पर्ने बताइएको छ ।

पुलहाश्रम क्षेत्र ऋषिहरूको तपोभूमि भएको कारणले गर्दा त्यस क्षेत्रमा रावण पार्कका साथै ऋषि पार्क निर्माण गरिनु पर्ने पनि धार्मिक क्षेत्रका अगुवाहरूको धारणा छ । पुलस्त्य ऋषिका नाती रावण भएको कुरामा कुनै दुइमत छैन तर त्यस क्षेत्रमा रावणमात्रै नभएर ऋषिहरूको पनि आकृति आवश्यक रहने हुन्छ । ऋषिको तपोभूमि हो र विश्वमै पहिलो पटक यही क्षेत्रबाट बेद लेखन थालिनुका साथै होमन समेत यही क्षेत्रबाट नै शुरु भएको हुनाले पनि उचित प्रचारप्रसारका साथै पूर्वाधार निर्माणका लागि सबैले ध्यान दिनु पर्ने देखिन्छ ।


# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**गोर्खा भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था लि.**

**बेनी नगरपालिका ७, वीरेन्द्रचोक बेनी म्याग्दी**

# नेशनल ड्रग सेन्टर

## पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याब सेवा

अस्पताल चोक, बेनीमा

**श्रावण महिनाको पाँचौं शनिबार**

### डा. हेमा छन्त्याल

**स्त्री तथा प्रसुतीरोग विशेषज्ञ**



महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषाज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।

साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।

### डा. गोविन्द राज पाण्डे

**जनरल फिजिसियन**



गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।

### डा. दिपक बगाले

**वरिष्ठ रेडियोलोजिष्ठ**



म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रूणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रूणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रूणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

**२०८२ श्रावण ३१ शनिबार**

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे

०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.केशव पौडेल/सुजता पौडेल**

**मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र**

**बालमन्दिरचोक, बेनी, म्याग्दी**

**मोवाइलः- ९८५७६२८७२३/९८६७६२८७२३**

हामीकहाँ मिनिटेलर, राईस मिल, चेन्स मेसिन, च्याप कटर, इन्डीयन टनेल, नेपाली टनेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।

# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.पुर्ण गौचन**

**होटल हिलभ्यू, थकाली भान्साघर**

**पिपलचोक, बेनी, म्याग्दी**

**फोन :- ०६९-५२११५८/५२०३५९, ९८५७६३०२७८/९८४७६११७०८**

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खानाकालागि सदैव हामीलाई सम्झनुहोस ।

# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**AlfaBeta™ Lazimpat Center**

Make the right career move with Alfa Beta
APPLICATIONS ARE OPEN for Further Intake
Across Australia, USA, UK, Canada and others!

2nd Floor, Kendra Bhawan, Lazimpat, Kathmandu, Nepal,
01-5970123, lazimpat@alfabetaedu.com


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी